# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०५।०९ गते।

# प्रेस विज्ञप्ति

**विषयः आरोपपत्र दायर गरिएको।**

नापी कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) मा सर्भेक्षक पदमा कार्यरत विन्देश्वर साह सुडीले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्नेसमेत बेहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज विन्देश्वर साह सुडीले भूमिसुधार तथा व्यवस्था मन्त्रालय, काठमाडौंमा अमिन/रा.प.अनं. द्धितीय श्रेणीमा अस्थायी नियुक्ति लिएको मिति २०४६/०१/१६ गतेदेखि मिति २०८१/०२/३२ गतेसम्मको अवधिलाई अनुसन्धानको जाँच अवधि कायम गरी निज र निजको एकाघर परिवार/सगोलमा रहेको व्यक्तिहरूले उपरोक्त अवधिमा विभिन्न आयका श्रोतहरूबाट कानूनीरूपमा (Lawfully obtained) आर्जन गरेका आयहरूलाई आयका रूपमा र सोही अवधिमा निजहरूले विभिन्न शीर्षकहरूमा गरेको प्रमाणित (Verified) खर्चहरूलाई व्ययका रूपमा गणना गरी विश्लेषण गर्दा निजको आयतर्फ पारिश्रमिक बचत, भत्ता आयको बचत, घरजग्गा बिक्री आय, एकासगोलको आय, ऋण/सापटी लिएको रकम, शेयर बिक्री आय, बीमा परिपक्व/समपर्ण आय, कृषि आय, छात्रवृत्ति आय, व्याज रकम आय, ऋण सापटी फिर्ता रकम, सुन बिक्री आयसमेत गरी जम्मा **रू.६,०३,८५,०३०/१५** (छ करोड तीन लाख पचासी हजार तीस रूपैंया पन्ध्र पैसा) वैधानिक आय आर्जन गरेको, त्यसैगरी सोही जाँच अवधिमा निजको व्ययतर्फ जग्गा खरिद, शेयर खरिद, सवारी साधन खरिद, वीमा प्रिमियम भुक्तानी, अध्ययन खर्च, ऋण/सापटी तिरेको रकम, बैंक मौज्दात, ऋण/सापटी दिएको लगानी रकम, जग्गा खरिद सम्बद्ध कमिशन तथा थप खर्चसमेत गरी सम्पत्ति सिर्जना तथा लगानीतर्फ निजले जम्मा **रू.९,७५,६९,५८१/९५** (नौ करोड पचहत्तर लाख उनन्सत्तरी हजार पाँच सय एकासी रूपैंया पन्चनब्बे पैसा) बराबरको व्यय लगानी गरेको देखिएकोले निज विन्देश्वर साह सुडीको जाँच अवधिको कुल/समग्र आयबाट सोही अवधिको कुल/समग्र खर्च तथा लगानी (कुल व्यय) घटाउँदा **रू.३,७१,८४,५५१/८०** (तीन करोड एकहत्तर लाख चौरासी हजार पाँच सय एकाउन्न रूपैंया असी पैसा) ले कुल वैधानिक आय भन्दा कुल व्यय अधिक हुन गई स्रोत पुष्टि भएको नदेखिएकोबाट उक्त रकम बराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको तथ्य निजले प्रचलित कानुनबमोजिम पेस गरेको सम्पत्ति विवरणसँग अमिल्दो तथा अस्वाभाविक देखिन आएकोले निजले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति श्रीमतीको नाममा समेत रहेको देखिएकोले निज विन्देश्वर साह सुडी र निजको श्रीमती सुमिन्त्रा देवी साह उपर देहायको कसुरमा देहायबमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहायः**

| क्रस | नामथर पद र कार्यालय | बिगो रू. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | नापी कार्यालय नवलपरासी | रू.३,७१,८४,५५१/८० | साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ र सो कसुरलाई निरन्तरता दिएको प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को |

| | | | |
|---|---|---|---|
| | (बर्दघाट सुस्ता पश्चिम) मा सर्भेक्षक पदमा कार्यरत **विन्देश्वर साह सुडी** | | उपदफा (१) बमोजिम परिभाषित एवम् निषेधित गरिएबमोजिमको कसुरमा बिगो तीन करोड एकहत्तर लाख चौरासी हजार पाँच सय एकाउन्न रूपैंया असी पैसा कायम गरी साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ तथा दफा २९ को उपदफा (२), प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो अनुसार कैद र बिगोबमोजिम जरिवाना हुनका साथै साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ग र दफा २९ को उपदफा (१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानुनी रूपमा आर्जन गरेको तीन करोड एकहत्तर लाख चैरासी हजार पाँच सय एकाउन्न रूपैंया असी पैसा मूल्य बराबरको प्रतिवादी र निजका परिवारका सदस्यका नाममा रहेको सम्पत्ति जफत गरी पाउन साथै निजले वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा ऐ.ऐनको दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुनसमेत मागदाबी लिइएको छ। |
| २. | प्रतिवादी विन्देश्वर साह सुडीको श्रीमती **सुमिन्त्रा देवी साह** | - | निज प्रतिवादी विन्देश्वर साह सुडीले सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरूपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिहरूबाट निजको श्रीमती सुमिन्त्रा देवी साहको नाममा खरिद लगानी गरिएका निजहरूको नाममा हाल कायम रहेका सम्पत्तिहरू साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग., दफा २९ र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको प्रचलित कानुनबमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निज सुमिन्त्रा देवी साहलाई प्रतिवादी कायम गरिएको छ। |

प्रवक्ता

सुरेश न्यौपाने